**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 6; 15 December 2024; pp. 107-120
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# स्नातकोत्तर नेपाली शिक्षाका शोधपत्रहरूमा अनुच्छेदविन्यास योजना [Paragraph Arrangement in the Theses of Master's Program in Nepali Education]

**विष्णुप्रसाद शर्मा, पिएचडी [Bishnu Prasad Sharma, PhD]**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाल
[Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara, Nepal]

**Article History:**
*Submitted 27 September 2024*
*Reviewed 17 October 2024*
*Revised 25 October 2024*
*Accepted 12 December 2024*

**Corresponding Author:**
*Bishnu Prasad Sharma*
*Email: sharmabishnu997@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v6i1.72862*

**Copyright Information:**
*Copyright 2024 © Authors of this journal; With authors' permission, the copyright is transferred to the publisher for the first edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University, Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**
प्राज्ञिक लेखनमा अनुच्छेदविन्यास योजनालाई महत्त्वपूर्ण आधार स्रोतका रूपमा लिइन्छ । यस सन्दर्भमा स्नातकोत्तर नेपाली शिक्षाका शोधपत्रहरूमा शोधार्थीले अनुच्छेदविन्यास कसरी गरेका छन् भन्ने तथ्य खोजीको विषय बनेको छ । यसर्थ उक्त तहका शोधपत्रहरूमा अनुच्छेदविन्यास योजनाको लेखाजोखा गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य हो । यसमा गुणात्मक विधि, व्याख्यावादी दर्शन, अनुच्छेद लेखनका सिद्धान्त र मामला अध्ययन ढाँचालाई आधार बनाइएको छ । यसका लागि पुस्तकालय कार्यमा केन्द्रित भई द्वितीयक स्रोतका सामग्रीबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । सोद्देश्यमूलक पद्धतिका आधारमा स्नातकोत्तर तह नेपाली शिक्षाका सात ओटा शोधपत्रको छनोट गरी तिनको अध्ययनबाट प्राप्त तथ्यलाई अभिलेखन, सङ्केतन र संश्लेषण गरी विषयगत (थिमेटिक) आधारमा विश्लेषण गरिएको छ । प्राप्त नतिजाका आधारमा स्नातकोत्तर तहका शोधपत्रहरूमा प्रयुक्त अनुच्छेदविन्यास योजनामा विविधता भेटिन्छ । सबैजसो अनुच्छेदमा शीर्ष वाक्य, सहयोगी वाक्य र निष्कर्ष वाक्यको उपयोग भएको पाइन्छ । अनुच्छेदमा तालिका, चित्र र उद्धरणको उपयोगमा भने समस्या देखिन्छ । केही शोधपत्रमा सम्बद्धक र सम्बद्धन पक्ष कमजोर रहेको छ । तार्किक योजक र सङ्क्षिप्त एवम् सुगठित वाक्यको निर्माणमा पनि कसरमसर पाइन्छ । सबैजसो अनुच्छेदले व्याकरणिक शुद्धता, विषयत स्पष्टता र भाषामा वस्तुपरकताको अपेक्षा गरेका छन् । अतः अनुच्छेद लेखनमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत लेखले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । [In academic writing, the arrangement of paragraphs is considered an

important step in the process of formation. In this regard, it is a topic of research about how students of Master's Level Program in Nepali Education have arranged their paragraphs. Therefore, the main objective of this paper is to examine the arrangement of paragraphs in the theses selected for study. To meet this objective, the study has adopted qualititative method based on the interpretative philosophy and the principle of paragraph writing, using case study design. For this purpose, the study is the library research based on the secondary sources for data collection. In this case, seven theses have been selected for data collection, tabulation, presentation and analysis, which are interpreted thematically. The findings suggest that there are variation in the use of paragraph arrangement. It is also found that students have used topic sentences, supporting sentences and concluding sentences in all paragraphs. However, the study found that there are some cases of not using tables, figures and quotations in proper ways. There are also weaknesses in the use of linking words and phrases. There are problems of cohesion and coherence in the paragraphs. The study also discovered that students have not paid attention to grammatical correctness, clarity of ideas and objectivity of language. Therefore, the study will be beneficial for future researchers who are interested in paragraph writing.]

**शब्दकुन्जी** : अनुच्छेदविन्यास, प्राज्ञिक लेखन, शोधपत्र, भाषिक शुद्धता

[**KEYWORDS**: Paragraph arrangement, academic writing, thesis, linguistic correctness]

## विषय परिचय

वाक्यभन्दा माथिल्लो संरचनाको सङ्कथनात्मक अभिव्यक्तिलाई अनुच्छेदका रूपमा लिइन्छ । अनुच्छेदलाई कुनै एक विचार बोकेको मिल्दाजुल्दा वाक्यहरूको समुच्चय पनि भनिन्छ । यसमा प्रयुक्त वाक्यहरूबिच परस्पर सम्बन्ध हुन्छ र पाठकलाई कुनै विचार वा दृष्टिकोण प्रवाह गरिएको हुन्छ । अनुच्छेदलाई कुनै लेख वा कृतिको आधार सामग्री मानिन्छ । प्राज्ञिक लेखनमा अनुच्छेदविन्यासको अहम भूमिका रहन्छ । यस सन्दर्भमा स्नातकोत्तर तहमा अध्ययन गरेका नेपाली शिक्षा विषयका शोधार्थीहरूका शोधपत्रहरूमा अनुच्छेदविन्यासको अवस्था खोजपूर्ण देखिएको छ । यस कार्यमा अनुच्छेद लेखनको संरचना, त्यसका अङ्ग वा खण्ड तथा संसक्ति र सङ्गति पक्षको अध्ययन पनि खोजीको विषय बनेको छ । अध्ययनबाट प्राज्ञिक लेखनका क्रममा अनुच्छेदविन्यासमा देखिएका समस्याको पहिचान गरी अनुच्छेद लेखनमा सफलता हासिल गर्न मद्दत पुग्ने देखिन्छ ।

अनुच्छेद लेखनलाई स्तरीय प्रदानात्मक सिपभित्र राखिन्छ। स्नातकोत्तर तहका शोधार्थीहरूका शोधपत्रको अध्ययन गर्ने कार्य यसपूर्व केही अध्येताहरूले गरेका छन् । यस क्रममा शाही (सन् २०२२) ले स्नातकोत्तर तहका शोधपत्रमा समाविष्ट सन्दर्भ सामग्री सूचीमा रहेका त्रुटि क्षेत्रमा केन्द्रित रही अध्ययन गरेका छन् । यसैगरी हमाल (२०८०) ले नेपाली शिक्षा स्नातकोत्तर तहका शोधपत्रहरूको त्रुटि विश्लेषण गरेका छन् । यस्तै शर्मा (२०८१) ले पनि स्नातकोत्तर उत्तीर्ण नेपाली शिक्षा विषयका विद्यार्थीहरूको प्राज्ञिक लेखन सिपको अध्ययन गरेका छन् । यस क्रममा प्राविधिक पक्षको सन्तुलन पहिल्याउने क्रममा अनुच्छेदविन्यास सिपको सामान्य अध्ययन गरिएको छ। यसो भए तापनि उक्त तीन ओटै अध्ययनमा स्नातकोत्तर तह नेपाली शिक्षा विषयका शोधपत्रमा केन्द्रित भई अनुच्छेदविन्यास योजनाको स्पष्ट अध्ययन भएको पाइँदैन ।

अनुच्छेदविन्यास योजनाका विषयमा केही सैद्धान्तिक अध्ययनहरू भएको पाइन्छ । यस क्रममा बन्धु (२०७०) ले तथ्याङ्कको अध्ययन र विश्लेषण गर्ने क्रममा अनुच्छेदको महत्व र यसको संरचना (पृ. ८१) का विषयमा चर्चा गरेका छन् । यसै गरी भण्डारी (२०७४) ले प्राज्ञिक लेखन तथा सम्पादनका क्रममा अनुच्छेद लेखनको परिचय, यसको सङ्गठन र लेखनका तरिकाका बारेमा

उल्लेख गरेका छन् । यस्तै श्रेष्ठ (२०७७) ले साहित्यको अनुसन्धान व्यवस्थापनका क्रममा अनुच्छेद योजना महवपूर्ण हुने बताएका छन् (पृ. ८१-८४) । उनले अनुच्छेद योजनाका एकत्व, संसक्ति र जोड गरी मुख्य तीन भाग रहने तथ्य स्पष्ट पारेका छन् । यस क्रममा घिमिरे (२०७९) र घर्ती (२०८०) ले पनि अनुच्छेद लेखनका सैद्धान्तिक पक्षमा चर्चा गरेका छन् । यसो भए तापनि उक्त अध्ययनहरूले स्नातकोत्तर नेपाली शिक्षाका शोधपत्रको अनुच्छेदविन्यास योजनाका विषयमा स्पष्ट अध्ययन गरेको पाइँदैन । यसबाट पनि प्रस्तुत अध्ययनको अन्तराल छ भन्ने स्पष्ट हुन्छ र अध्ययनको औचित्य पनि पुष्टि हुन्छ ।

प्रस्तुत अनुसन्धान स्नातकोत्तर तहका शोधपत्रमा केन्द्रित छ । उक्त तहका नेपाली शिक्षा विषयक शोधपत्रहरूको अनुच्छेदविन्यास योजना स्तर अनुकूल सन्तुलित र उपयुक्त छ भन्नु प्रस्तुत अनुसन्धनको दाबी (क्लेम) हो । यसका आधारमा स्नातकोत्तर तहका शोधार्थीहरूले आफ्नो शोधपत्रहरूमा अनुच्छेद लेखनको शैलीलाई कसरी उपयोग गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत अनुसन्धानमा राखिएको छ । अतः यही अनुसन्धेय दाबी र अनुसन्धान प्रश्नमा आधारित यस अनुसन्धानका मुख्य उद्देश्य यस प्रकार छन् :

क) स्नातकोत्तर नेपाली शिक्षाका शोधपत्रमा प्रयुक्त अनुच्छेदविन्यास योजनाको खोजी गर्नु,
ख) सैद्धान्तिक आधारमा उक्त शोधपत्रमा प्रयुक्त अनुच्छेदविन्यास योजनाको लेखाजोखा गर्नु ।

## सैद्धान्तिक पर्याधार

स्नातकोत्तर तहका शोधपत्रमा आधारित प्रस्तुत अनुसन्धान अनुच्छेदविन्यास योजनामा केन्द्रित छ । यसो हुनाले यस अनुसन्धानको सिद्धान्त अनुच्छेद लेखनसँग सम्बन्धित छ । अनुच्छेद लेखन लेखाइ सिपसँग सम्बन्धित भएकाले डोर्थी र लिसा (सन् २०१७ ) ले लेखनलाई छ ओटा चरणमा विभाजन गरेका छन् : विषयको चयन, विचारको सङ्कलन, विचारको सङ्गठन, अनुच्छेद लेखन, संरचना र तथ्यको समीक्षा तथा संशोधित लेखन (पृ. २-३) । यस क्रममा उनीहरूले अनुच्छेदलाई कुनै एक विषयमा आधारित एउटा विचार दिन सक्ने वाक्यहरूको समूहका रूपमा अर्थ्याएका छन् । प्राज्ञिक लेखनमा अनुच्छेद पाँचदेखि दश वाक्यसम्मको हुनु राम्रो हुने भन्दै अनुच्छेदमा शीर्ष वाक्य, सहयोगी वाक्यहरू र निष्कर्ष वाक्य गरी तीन भाग रहने (पृ. १२) जनाएका छन् । यसका आधारमा अनुच्छेद आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्ध हुनुपर्ने देखिन्छ ।

प्राज्ञिक लेखनका सन्दर्भमा एङ्कर (सन् २०१०) ले पनि अनुच्छेदमा मुख्य तीन भाग रहने जनाएका छन् । पहिलो विचार वाक्यलाई पुष्टि गर्न दुईभन्दा बढी सहयोगी वाक्य आउन सक्ने (पृ. ६५) उनको कथन छ । यस्ता विस्तारित वा सहयोगी वाक्यहरूले वर्गीकरण गर्ने, परिभाषा दिने, तुलना गर्ने, कारण र प्रभाव जनाउने, तर्क, प्रतितर्क गर्ने, तथ्यको विश्लेषण गर्ने, वर्णन गर्ने, कथन गर्नेजस्ता काम गर्ने गर्दछन् । यसै गरी बेली (सन् १९११) ले पनि अनुच्छेदको सङ्गठनमा तीन भाग मुख्य रहने मान्यता राख्छन् । अनुच्छेदको आकार विषयले निर्धारण गर्ने र अनुच्छेदले कुनै एक विचार बोक्ने उनको भनाइ छ (पृ. ७८) । यसका आधारमा अनुच्छेदभित्र तालिका, उदाहरण, प्रमाण, साक्ष्यजस्ता पक्ष रहन आवश्यक देखिन्छ । यस्तै यार्वर र यार्वर (सन् २०१०) ले अनुच्छेदलाई सम्बद्धक र सम्बद्धनले युक्त विचारको अभिव्यक्तिका रूपमा लिएका छन् । उनले शीर्ष वाक्य सुरु, मध्य वा अन्त्य जहाँ पनि रहन सक्ने (पृ. ३७) जनाएका छन् । यसका आधारमा कुनै एक विचार वा दृष्टिकोण प्रवाह हुनु अनुच्छेदको विशेषता हो ।

अनुच्छेदविन्यास योजना सुलेखनभित्र पर्ने एउटा व्यवस्थित कार्य हो । लिरिया र चुमकर (सन् १९९८) ले अनुच्छेदका सहयोगी वाक्यलाई जोड्न तार्किक योजकहरू आवश्यक पर्ने (पृ. ३९) जनाएका छन् । शीर्ष वाक्य, विस्तारित वाक्य र निष्कर्ष वाक्यको संयोजनबाट एउटा सिङ्गो अनुच्छेद निर्माण हुने उनीहरूले स्पष्ट पार्छन् । यसै गरी बन्धु (२०७८) ले अनुच्छेदमा उद्देश्य

वाक्यलाई स्पष्ट पार्न प्रमाणस्वरूप उद्धरण, तालिका, उदाहरण, चित्र, नक्साहरू दिनुपर्ने बनाउँछन् ( पृ. ८१) । यस्तै अनुच्छेद लेखनमा परिचय भाग, मध्य भाग र अन्त्य भाग रहनुपर्ने र यसका प्रकार पनि विविध हुन सक्ने तथ्य भण्डारी (२०७४, पृ. १६-२५) ले उल्लेख गरेका छन् । यसै गरी श्रेष्ठ ( २०७४) ले अनुच्छेद योजनामा सुलेखन विविध आवश्यक पर्ने जनाउँदै एउटा अनुच्छेद एउटा विचार आउनुपर्ने स्पष्ट पार्छन् । असल अनुच्छेदमा एकत्व, संसक्ति र जोड गरी मुख्य तीन कोणमापक संयन्त्र रहनुपर्ने (पृ. ८२) उनको स्पष्टोक्ति छ । यसै गरी घिमिरे (२०७९, पृ. १९-२३), घर्ती (२०८०, पृ. १००) र शर्मा (२०८१, पृ. ३०-३२) का अनुसार पनि अनुच्छेद लेखनमा पूर्वापर सम्बन्ध आवश्यक पर्ने उल्लेख गरिएको छ। अनुच्छेद प्राज्ञिक लेखनको आधार भएकाले सशक्तमूलक अनुच्छेद योजना भए प्राज्ञिक लेखन सफल हुने देखिन्छ । प्रस्तुत अनुसन्धान अनुच्छेद लेखनका यिनै सन्दर्भमा आधारित छ ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । अनुसन्धानमा व्याख्यावादी दृष्टिकोण, मामला अध्ययन ढाँचा र अनुच्छेद लेखनका सिद्धान्तको उपयोग गरिएको छ। अतः यस अनुसन्धानको दार्शनिक पक्ष र तथ्याङ्क सङ्कलन तथा विश्लेषणका विधिलाई यहाँ क्रमशः चर्चा गरिएको छ :

### *दार्शनिक पक्ष*

प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ । यसो हुनाले स्नातकोत्तर तहका शोधपत्रमा पाइने अनुच्छेद लेखनगत पक्षलाई सत्य (अन्टोलोजी) का रूपमा लिइएको छ । यसै गरी स्नातकोत्तर तहका शोधपत्र, द्वितीयक स्रोतका रूपमा उपलब्ध अनुसन्धानमूलक लेख र सन्दर्भ पुस्तकहरूलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) का रूपमा स्वीकार गरिएको छ । यस्तै अनुसन्धान प्रश्न र उद्देश्यमा आधारित विषयगत निष्कर्ष नै प्रस्तुत अनुसन्धानमा मूल्य (एक्जियोलोजी) का रूपमा आएको छ । यस्तो मूल्य सापेक्षतामा आधारित उपयोगितावादी रहेको छ ।

### *सूचनाको सङ्कलन र विश्लेषण विधि*

प्रस्तुत अनुसन्धानमा पुस्तकालय कार्यमा आधारित भई आवश्यक सूचना सङ्कलन गरिएको छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत पृथ्वीनारायण क्याम्पसको शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहका शोधार्थीले तयार गरेका शोधपत्रलाई जनसङ्ख्याका रूपमा लिई सोद्देश्यमूलक विधिका आधारमा भिन्न भिन्न वर्ष, शीर्षक र छात्रछात्राबाट प्रतिनिधित्व हुने गरी सात ओटा शोधपत्रलाई नमुनाका रूपमा छनोट गरिएको छ। शोधपत्रको अध्ययन गर्दा अनुच्छेद लेखन योजनाका प्रतिमानलाई आधार बनाइएको छ । यसो हुनाले द्वितीयक स्रोत (शोधपत्र, सन्दर्भ ग्रन्थ र अनुसन्धानमूलक लेख) लाई आधार बनाएर सङ्कलित तथ्याङ्कलाई गुणात्मक विधिमा आधारित भएर अध्ययन, अभिलेखन र सङ्केतन गरी विषयगत (थिमेटिक) रूपमा तिनको विश्लेषण गरिएको छ। अनुच्छेद लेखनलाई एउटा मामला वा विषय मानेर यसलाई अनुच्छेद लेखन सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

कुनै विचार, भाव वा तथ्यलाई व्यक्त गर्न आउने वाक्यहरूको शृङ्खलात्मक सङ्गठन भएको भाषिक संरचना अनुच्छेद हो । यसमा विषयको सिलसिलाबद्ध र प्रवाहमय प्रस्तुति रहन्छ ।

यही सैद्धान्तिक मान्यताका आधारमा छनोटमा लिइएका शोधपत्रमा अभिव्यक्त अनुच्छेदविन्यास योजनालाई यहाँ क्रमशः अध्ययन र विश्लेषण गरिएको छ :

***यात्रा* अङ्क छ मा समाविष्ट भाषाशिक्षण र अनुसन्धानसँग सम्बन्धित लेखहरूको अध्ययन**

रेग्मी (२०७४) द्वारा तयार गरिएको उक्त विषय शीर्षकको शोधमा शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीद्वारा प्रकाशित पत्रिका *यात्रा* (अङ्क छ) मा सङ्कलित लेखको अध्ययन गरिएको छ । उक्त शोधमा प्रयुक्त अनुच्छेद लेखनको नमुना यस्तो छ :

> भाषा विचार विनिमयको माध्यम हो । भाषाकै माध्यमबाट मानिसले आफ्नो विचार अरूसमक्ष प्रकट गर्दछ । अरूका विचारलाई ग्रहण गर्दछ । सञ्चार सम्पर्क गराउने भाषा मानवीय जीवनको अभिन्न अङ्ग हो । यो बृहत विश्व र यस विश्वमा बसोबास गर्ने मानिसले भाषाकै माध्यमले आफ्ना सम्पूर्ण कार्यकलाप र व्यवहार सञ्चालन गरेका हुन्छन् । मानिसको उत्पत्तिसँग उत्पन्न भएको भाषा मानिसका सभ्यता र व्यवहार जस्तै समय समयमा परिवर्तन हुँदै अगाडि बढेको छ । विश्वभर करिब ६००० भाषाहरू रहेका छन् भने नेपालमा मात्र पनि करिब ९१ भाषा अस्तित्वमा रहेका छन् । यस प्रकार भाषा मानवीय जीवनको अभिन्न वस्तु हो । यही भाषा र भाषासँग सम्बन्धित तथ्यका बारेमा गरिने वैज्ञानिक अनुसन्धान भाषिक अनुसन्धान हो । (रेग्मी, २०७४, पृ. १४)

दिइएको सङ्कथनमा अनुच्छेद लेखनको विषय सन्दर्भ भाषिक अनुसन्धान रहेको छ । प्रारम्भमा शीर्ष वाक्य भाषाको परिचयबाट आरम्भ गरिएको छ । विस्तारित, सहायक र प्रमाणयुक्त वाक्यहरू पनि भाषासँग सम्बन्धित छन् । यसो भए तापनि लेखकले भन्न खोजेको विषय अन्तिम वाक्यमा आएको छ । अनुच्छेदमा शीर्ष वाक्य, तर्क वा उदाहरणजन्य वाक्य र निष्कर्ष वाक्यका बिच सम्बन्ध देखिँदैन । यसर्थ यहाँ अनुच्छेद त निर्माण भएको छ तर विषयले मागेको भाषिक अनुसन्धानका बारेमा अनुच्छेदले स्पष्ट पार्न सकेको छैन । पाठकलाई स्पष्ट सन्देश प्रवाह (यार्वर र यार्वर, सन् २०१०, पृ. ७) हुन सकेको देखिँदैन । अनुच्छेदको तेस्रो वाक्यमा 'यो' सम्बद्धक र अन्तिम दोस्रो वाक्यमा 'यस प्रकार' भन्ने तार्किक योजकको प्रयोग भेटिन्छ । यसर्थ अनुच्छेदविन्यासमा एकत्व, संसक्ति र जोडको जरुरत पर्छ (श्रेष्ठ, २०७७, पृ. ८२) । अनुच्छेद निर्माणमा पूर्वापर सम्बन्ध देखिनु आवश्यक छ ।

रेग्मी (२०७४) को उक्त शोधपत्रको अर्को अनुच्छेदविन्यास योजना यस्तो देखिन्छ :

> भाषाशिक्षण अन्तर्गत रहेको भाषिक सिपको लेखाइसँग निकट रहेको लेखन कला शिक्षण : एक चर्चा लेख यात्रा अङ्क छमा प्रकाशित छ जुन लेखकी लेखिका गीता गौतम हुन् । लेखकले प्रस्तुत लेखमा लेखन कला शिक्षणको परिचय, यसको महत्व, प्रयोजन साथै लेखन कला शिक्षणका कार्यकलापका बारेमा चर्चा गरेको पाइयो । भाषाशिक्षण भाषाको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । भाषाशिक्षणमा लेखन कला शिक्षणको भूमिका उत्कृष्ट मानिन्छ । विद्यार्थीलाई लेखेर आफ्ना मनमा लागेका भावनालाई लेखी चिरस्थायी बनाउने र बुझ्ने क्षमताको विकास गराउन मद्दत गर्दछ । लेखक कलाले विद्यार्थीहरू पढेर, सुनेर बुझेका कुरालाई लेखन शैलीमा व्यक्त गर्ने क्षमताको विकास गर्नु यस विधिको उद्देश्य रहेको पाइन्छ । बुझाइ कत्तिको राम्रो हुन सक्यो राम्रो बुझाइ भएमा मात्र लेखन शैलीको विकास हुन्छ भन्ने निष्कर्ष प्रस्तुत लेखबाट निकालिएको छ । (रेग्मी, २०७४, पृ. ३१)

प्रस्तुत अनुच्छेद 'लेखन कला शिक्षण : एक चर्चा' विषय शीर्षकमा आधारित छ । अनुच्छेद पाँच ओटा वाक्यहरूद्वारा निर्मित छ । डोर्थी र लिसा (सन् २०१७) ले पनि पाँचदेखि दश वाक्यसम्मको अनुच्छेदलाई राम्रो मानेका छन् । अनुच्छेदको पहिलो वाक्य सङ्क्षिप्त, स्पष्ट र शीर्ष हुनुपर्ने मान्यता

छ तर उक्त वाक्य अस्पष्ट र क्लिष्ट देखिन्छ । अनुच्छेदमा शीर्ष वाक्यलाई पुष्टि गर्न दोस्रो, तेस्रो, चौथो वाक्य आएका छन् । अन्तिम वाक्य निष्कर्षात्मक रूपमा आए पनि त्यसले स्पष्ट रूपमा विषयको सन्देश प्रवाह गर्न सकेको छैन । अनुच्छेदमा तार्किक योजकको प्रयोग आवश्यक (चुमक र लेरिया, सन् १९९८, पृ. ३९) भए पनि त्यस्ता शब्द आएका छैनन् । वाक्यहरूबिचको संसक्ति कसिलो बन्न सकेको देखिँदैन । सहयोगी वाक्यहरूले कारण र प्रभाव देखाउन सफल भए पनि तुलना, भिन्नता, चित्र तालिकाको काम गर्न सकेको पाइँदैन । अतः अनुच्छेद लेखनमा विषयको प्रवाहशीलता र अभिव्यक्तिमा स्पष्टता आउन आवश्यक छ ।

***पोखरा नगर क्षेत्रभित्र राखिएका साइन बोर्डहरूमा पाइने वर्णविन्यासगत त्रुटि***

ढकाल (२०७१) द्वारा तयार गरिएको उक्त शोधपत्रमा पोखरा नगर क्षेत्रभित्र केन्द्रित रही त्यहाँका साइन बोर्डमा पाइने वर्णविन्यासगत त्रुटिको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा प्रयुक्त अनुच्छेदविन्यास योजनाको नमुना यस्तो छ :

> पदयोग र पदवियोग पनि वर्णविन्यासगत क्षेत्रहरू हुन् । नेपाली भाषामा पदयोग र पदवियोगसम्बन्धी आफ्नै मान्यताहरू छन् । पोखरा नगर क्षेत्रभित्र राखिएका साइन बोर्डहरूमा पाइएका पदयोग र पदवियोग सम्बन्धी त्रुटिलाई यसप्रकार तालिकामा राखिएको छ :

**तालिका १**

*पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू*

| क्र.सं. | साइन बोर्डहरूको नाम | पदयोगसम्बन्धी | पदवियोगसम्बन्धी |
|---|---|---|---|
| १. | स. स्टे | | |
| २. | शु.आर.पि.इ | हामी कहाँ | पाइनुकासाथै |
| ३. | प. प्या. | हामी कहाँ | |
| ४. | आ. आ. फ | हामी कहाँ | |

(ढकाल, २०७१, पृ. २३)

दिइएको अनुच्छेद र त्यससँग सम्बन्धित तालिकामा पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरूको उल्लेख गरिएको छ । अनुच्छेदको पहिलो वाक्यले शीर्ष वाक्यको काम गरेको छ । यसै गरी दोस्रो, तेस्रो वाक्यले शीर्ष वाक्यका सूचनालाई पुष्टि गरेका छन् । तथ्यको पुष्टि गर्न उदाहरण स्वरूप तालिका पनि दिइएको छ । त्यसमा साइन बोर्डको नाम, पदयोग र वियोगसम्बन्धी सूचनाहरू दिइएको छ । यसो भए तापनि उक्त अनुच्छेदमा तालिकालाई पुष्टि गर्ने सहायक वाक्यहरू आएका छैनन् । यसै गरी निष्कर्ष वाक्य पनि आउन सकेको छैन । यसबाट पाठकलाई सूचनाको सरल किसिमले सम्प्रेषण (यार्वर र यार्वर, सन् २०१०, पृ. ७) हुन सकेको छैन । वाक्यहरूलाई जोड्ने तार्किक योजक पदहरू आएका देखिँदैनन् । यसबाट अनुच्छेदमा हुनुपर्ने एकत्व, संसक्ति र जोड (श्रेष्ठ, २०७७, पृ. ८२-८३) को अभाव देखिन्छ । अनुच्छेदमा हुनुपर्ने व्याख्या, विश्लेषण तुलना र कार्य कारण सम्बन्धमा पनि कमी आएको छ । सुलेखनका दृष्टिले उक्त अनुच्छेदविन्यासमा कमजोरी देखिन्छ । यसतर्फ सम्बन्धित शोधार्थीको ध्यान पुग्नु जरुरी हुन्छ ।

अनुच्छेद लेखनका विविध प्रकार भए पनि प्राज्ञिक लेखनमा मूलतः विश्लेषणात्मक, तार्किक, वर्णनात्मक र वस्तुपरक अनुच्छेद लेखिन्छन् । ढकाल (२०७१) को शोधपत्रका उल्लिखित अनुच्छेदविन्यास योजनाको अर्को नमुना यस प्रकार छ :

> भाषा सिक्ने वा भाषाको प्रयोग गर्ने क्रममा मानिसहरूले के कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटिहरू के कति कारणले भएका हुन्छन् भन्ने कुराको अध्ययन विश्लेषण गर्ने कामलाई त्रुटि विश्लेषण भनिन्छ (भण्डारी, २०७४ : १)। त्रुटि विश्लेषणको हालसम्मको विश्लेषणलाई हेर्दा ती सिद्धान्त केबल शिक्षण सिकाइसँग मात्र सम्बन्धित रहेका कारण प्रस्तुत शोध मानक लेखनसँग सम्बन्धित रहेकाले त्रुटि विश्लेषणको थप चर्चा गर्नुपर्ने आवश्यकता रहेको देखिँदैन। (ढकाल, २०७१, पृ.१७)

दिइएको सङ्कथनात्मक अभिव्यक्तिले अनुच्छेदको संरचनालाई प्रतिबिम्बत गरेको छ। अनुच्छेदमा दुई ओटा वाक्य छन्। अनुच्छेद निर्माणका लागि सामान्यतया पाँचदेखि दश वाक्य हुनुपर्ने (डोर्थी र लिसा, सन् २०१७, पृ. ११) मान्यता छ। शीर्ष वाक्यमा नै उद्धरण दिइएको छ। यसो गर्नु अनुच्छेद लेखनका दृष्टिले राम्रो मानिँदैन। यसै गरी वाक्यहरू बिच पूर्वापर सम्बन्ध कायम गर्ने तार्किक योजक पदहरूको प्रयोग शून्य देखिन्छ। अनुच्छेद व्याख्यात्मक शैलीमा आएको छ। तुलना, भिन्नता, समानता, कार्यकारण सम्बन्ध, तर्क, प्रतितर्क, साक्ष्य, तालिका, उदाहरणहरू आएर शीर्ष वाक्यलाई पुष्टि गर्न सकेका छैनन्। अतः अनुच्छेद निर्माणलाई सबल बनाउन यस्ता पक्षमा ध्यान दिनु जरुरी हुन्छ।

***पोखरा महानगरपालिकाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन***

अधिकारी (२०७२) द्वारा तयार पारिएको उक्त शोधपत्रमा पोखरा महानगरपालिकालाई क्षेत्र बनाई कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गरिएको छ। अधिकारीको उक्त शोधपत्रमा प्रयुक्त अनुच्छेद लेखन योजनाको नमुना यस प्रकार छ :

> चिठी लेखाइ सिप विकासमा सहयोग पुऱ्याउने लेख्य विधा हो। मानव समाजमा आफू पुग्न नसक्ने वा पुग्न धेरै समय लाग्ने ठाउँमा आफू नगइकन आफूले चाहेको सन्देश पठाउन, आफ्ना विचार पुऱ्याउन र आफ्ना आवश्यकता माग गर्ने माध्यम चिठी हो। चिठीबाट कुनै विषयवस्तुका बारेमा अरूलाई जानकारी दिने, निमन्त्रणा गर्ने, चेतावनी दिने जस्ता कार्य सम्पन्न हुन्छन्। पत्र रचना गर्दा मूलतः विषय, प्रकृति र प्रयोजन अनुसार भिन्न भिन्न किसिमले गर्नुपर्छ। चिठीलाई निजी वा घरायसी, व्यापारिक, कार्यालयीय निमन्त्रणा पत्र आदि प्रकारमा विभाजन गर्न सकिन्छ। आज सञ्चारका साधनहरूले विश्वलाई नै साघुऱ्याएको छ। टेलिफोन, ग्रामोफोन, मोबाइल आदि सञ्चारका साधनले चिठीको महत्त्व घटाएकै छ। तर वैयक्तिक सन्तुष्टिका लागि पत्र मित्रता कार्यालयीय तथा सङ्घसंस्थासँग गरिने बढ्दो काम कारवाहीले गर्दा चिठी लेख्नको महत्त्व बढ्दै गएको छ। टेलिफोनबाट नहुने काम चिठीका माध्यमबाट सफल गरिन्छ। (अधिकारी, २०७४, पृ. २० -२१)

दिइएको अनुच्छेदमा वाक्यहरूबिच पूर्वापर सम्बन्ध देखिन्छ। अनुच्छेदको पहिलो वाक्यले अनुच्छेदसँग सम्बन्धित भएर शीर्ष कुरा व्यक्त गरेको छ। यसै गरी दोस्रो, तेस्रो, चौथो ... वाक्यमा चिठी लेखनका प्रकार, चिठीजस्तै सञ्चारका अन्य साधन र तिमीहरूसँग चिठीको सम्बन्ध उल्लेख गरिएको छ। चिठी लेखनसँग सम्बन्धित तर्क र साक्ष्यहरू आएका छन्। समानता, भिन्नता, प्रभाव परिणाम, कार्यकारण सम्बन्ध (एड्कर, सन् २०१०, पृ. २७१)। देखाइएको छ। अन्यथा अन्य सञ्चार माध्यमका तुलनामा चिठीको महत्त्व विशेष रहेको छ भन्ने तथ्यका साथ निष्कर्ष वाक्य आएको छ। यसो भए तापनि अनुच्छेदमा वाक्यहरूबिच अन्वित गराउने तार्किक योजक पदको अभाव देखिन्छ। अनुच्छेदमा उद्धरण, तालिका, चित्र, नक्सा र अन्य उदाहरण (बन्धु, २०७०, पृ. ८१) को उपयोग भएको पाइँदैन। अनुच्छेदविन्यासको आयाम लामो रहेको छ। एउटै विचारको प्रवाहका दृष्टिले


अनुच्छेद सफल छ । अनुच्छेदमा आदि, मध्य र अन्त्यको शृङ्खला (भण्डारी, २०७४, पृ. १६-२०) मिलेको पाइन्छ ।

अनुच्छेद लेखनलाई सबै प्रकारका लेखनको प्रस्थान बिन्दु मानिन्छ । यसबाट लेखन शैलीसँग परिचित हुनुका साथै सिलसिलाबद्ध रूपमा लेख्न र विचारलाई मौलिक तथा खँदिलो बनाउन अनुच्छेद लेखनले सहयोग पुऱ्याउँछ । अनुच्छेदविन्यास योजनाका सम्बन्धमा अधिकारी (२०७४) कै शोधपत्रको अर्को उदाहरण यस्तो छ :

> कुनै पनि कार्यको थालनी पूर्व गरिने तयारी वा पूर्व निर्धारित खाका नै त्यस कार्यको रूपरेखा हो । तसर्थ अध्ययन, अनुसन्धान गर्दा कार्यमा सफलता हासिल गर्नका लागि सैद्धान्तिक धारणात्मक रूपमा रूपरेखा बनाउँदा सफल र प्रभावकारी हुने हुँदा जुनसुकै कार्य गर्दा पूर्व निर्धारित रूपरेखा तयार गर्नुपर्ने हुन्छ । चिठी लेख्नका लागि पनि निम्नानुसारको रूपरेखा तयार गरिएको छ :

**चित्र नं. १**

*अवधारणात्मक रूपरेखा*




(अधिकारी, २०७४, पृ. २३)

दिइएको अनुच्छेदमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमतासँग सम्बन्धित अवधारणात्मक रूपरेखालाई प्रस्तुत गर्न खोजिएको छ । अनुच्छेदलाई वाक्य र चित्रले सङ्गठित बनाइएको छ । अनुच्छेदले एउटा निश्चित विचार प्रवाह गरेको छ । यसो भए तापनि एक असल अनुच्छेदमा रहनुपर्ने सबै गुण अनुच्छेदमा पाइँदैन । शीर्ष वाक्यलाई स्पष्ट पार्न आउने दोस्रो वाक्य अस्पष्ट, जटिल र क्लिष्ट देखिन्छ । यसले पाठकलाई विचारको स्पष्ट प्रवाह गर्न सकेको पाइँदैन । यसै गरी अनुच्छेदसँग आएको चित्रमा के कुरा भन्न खोजिएको हो, त्यसको स्पष्ट व्याख्या गरिएको छैन, अझ अनुच्छेदमा निष्कर्ष वाक्यको पनि उपयोग भएको देखिँदैन । अर्थात् पाठकलाई प्रभाव पार्ने गरी लेखिएको निष्कर्ष वाक्य अर्थात् प्रतिबिम्बात्मक वाक्य (एड्कर, सन् २०१०, पृ. ३८) को अभाव छ । यस्तै अनुच्छेदका एक अर्का वाक्यलाई जोड्ने तार्किक योजक पदको उपयोग गरिएको छैन । अनुच्छेदमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको (घिमिरे, २०७९, पृ. १९) छैन

भने सम्बद्धक र सम्बद्धनका कोणबाट समेत उक्त अनुच्छेद कमजोर देखिन्छ । अनुच्छेदमा रहनुपर्ने साक्ष्य, उदाहरण तुलना, समानता, व्याख्याजस्ता पक्षको कमी छ । अतः प्राज्ञिक लेखनको खम्बा मानिने अनुच्छेद लेखनमा शोधार्थीको सचेतता र साधना आवश्यक पर्ने देखिन्छ ।

***कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन***

अर्याल (२०७१) द्वारा तयार पारिएको उक्त शोधपत्र कास्की जिल्लामा केन्द्रित रही कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरिएको छ । प्राज्ञिक लेखनका दृष्टिले महत्त्वपूर्ण मानिने अनुच्छेदविन्यास योजनाको उपयोग अर्यालका शोधपत्रमा यसरी भएको छ :

> लिपि चिन्हद्वारा उतारिएका सामग्रीहरूलाई पढेर बुझ्नु पठन बोध भएकाले उक्त कार्यका लागि समुचित मात्रामा उपयोगी बनाउनका लागि विद्यार्थीले सिपलाई कलाको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूमा जति बढी मात्रामा पठन बोध क्षमताको विकास हुँदै जान्छ, त्यति नै भाषिक सिपमा सक्षमता पैदा हुन्छ । अतः पठन बोध क्षमताको विकासका लागि विद्यालय तथा विद्यालयेतर अवसरहरू उपलब्ध गराउन सकेमा राम्रो हुने कुरामा कुनै विवाद नै छैन । पठन कलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रीय तत्त्व पठन बोध हो (शर्मा र पौडेल, २०६० : १०७) । यसको विकासले विद्यार्थीको ज्ञान एवम् अनुभव विस्तार हुने र पूर्व ज्ञानलाई परिष्कार र परिमार्जन गरी नयाँ दृष्टिकोण, सिर्जनात्मक क्षमताको विकास हुने देखिन्छ । यसरी विद्यार्थीको शैक्षिक उन्नयनमा मात्र नभएर सर्वाङ्गीण विकासमा समेत यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । (अर्याल, २०७१, पृ. २)


दिइएको अनुच्छेदमा पठनबोधको महत्त्वका विषयमा विचारहरू अभिव्यक्त भएका छन् । अनुच्छेदको पहिलो वाक्यले नै शीर्ष वाक्यको काम गरेको छ । दोस्रो, तेस्रो, चौथो ...... वाक्यहरू पहिलो वाक्यका विचारलाई विस्तार र स्पष्ट गर्न आएका छन् । तथ्यलाई पुष्टि गर्न उद्धरण पनि दिइएको छ । अतः यसको, यसरी जस्ता तार्किक योजकको उपयोगले अनुच्छेदलाई कसिलो बनाउन मद्दत पुऱ्याएको छ । अन्त्यमा निष्कर्ष वाक्य आएको छ, जसले समग्र अनुच्छेदको निष्कर्ष र लेखकीय प्रतिबिम्बनलाई प्रस्तुत गरेको छ । यसो हुँदा हुँदै पनि अनुच्छेदमा चित्र, तालिका, नक्सा जस्ता सूचना (डोर्थी र लिसा, सन् २०१७, पृ. ११) र तुलना, भिन्नताजस्ता पक्ष आएका छैनन् । वाक्यको संरचना प्रायः पाँचदेखि दश वाक्यसम्म उपयुक्त नै देखिन्छ । सम्बद्धक र सम्बद्धनको प्रयोग (यार्वर र यार्वर सन् २०१०, पृ. ८८) को प्रयोगले अनुच्छेद सबल बनेको छ । प्रस्तुत अनुच्छेदको पहिलो वाक्य अझ सङ्क्षिप्त र स्पष्ट बनाउन जरुरी हुन्छ । तेस्रो वाक्यलाई निश्चयात्मक कथनमा परिवर्तन गर्न प्राज्ञिक लेखनका दृष्टिले उपयुक्त हुन्छ ।

अर्याल (२०७१) को शोधपत्रमा उल्लेख भएको वाक्यविन्यास योजनाको अर्को नमुना यस प्रकार छ :

> पठनबोधको सैद्धान्तिक पक्षका बारेमा अध्ययन गर्दा त्यहाँ भएका विद्यार्थीहरूको पठन बोध क्षमता के कस्तो रहेको छ ? सम्पूर्ण विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरिनु पर्दछ । त्यसै गरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयको विद्यार्थीहरूको पठनबोध सम्बन्धी तथ्याङ्क निकाली विश्लेषण गरिनु पर्दछ । साथै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्दछ ।

**चित्र नं. २**

*वाक्यात्मक र चित्रात्मक संरचना*




(अर्याल, २०७१, पृ. १४)

दिइएको अनुच्छेदमा वाक्यात्मक र चित्रात्मक संरचनालाई सङ्गठित गरिएको छ। यस अनुच्छेदको शीर्षक 'शोधको सैद्धान्तिक ढाँचा' भनिए पनि विषय सन्दर्भ र व्याख्या अवधारणात्मक रूपरेखामा आधारित देखिन्छ। अनुच्छेदको पहिलो वाक्य शीर्ष भएर आए पनि उक्त वाक्य स्पष्ट, सङ्क्षिप्त र शुद्ध भएर आउन सकेको छैन। यसका अतिरिक्त दिइएको चित्र र सन्दर्भ बिच सम्बन्ध देखाइएको छैन। चित्रको उपयोग गरिए पनि त्यसको व्याख्या भएको छैन। यसले गर्दा अनुच्छेद शृङ्खलित र सङ्गठित बन्न नसकेको देखिन्छ। अनुच्छेदको निष्कर्षात्मक वाक्य खुल्न सकेको पाइँदैन। अनुच्छेदमा हुनुपर्ने परिचय भाग र मध्य भाग आए पनि अन्त्य भाग (भण्डारी, २०७४, पृ. १८) को संयोजन भएको छैन। अनुच्छेदमा हुनुपर्ने एकत्व, संसक्ति र जोड (श्रेष्ठ, २०७७, पृ. ८२-८३) का दृष्टिले प्रस्तुत अनुच्छेद कमजोर देखिन्छ। शीर्ष वाक्यलाई पुष्टि गर्ने सहायक वाक्य र वाक्य वाक्यलाई संसक्त गर्ने तार्किक योजकजन्य पदहरूको अभाव देखिन्छ। अतः सबल अनुच्छेद निर्माणमा शोधार्थीको सचेतता र साधना अनिवार्य हुने देखिन्छ।

***हामी वसन्त खोजिरहेछौँ* नाटकको सङ्कथन विश्लेषण**

पौडेल (२०७८) द्वारा तयार गरिएको उक्त शोधपत्रमा 'हामी वसन्त खोजिरहेछौँ' नाटकको सङ्कथन विश्लेषण गरिएको छ। यसर्थ पौडेलको शोधपत्रमा प्रस्तुत अनुच्छेदविन्यास योजनाको नमुना यस प्रकार छ :

> लेख्य सङ्कथन लिखित पाठमा आधारित हुन्छ। यसमा भाषेत्तर तत्वको उपयोग हुने सम्भावना नरहेको अभिव्यक्तिका सबै पक्षहरू भाषिक सामग्री (लेख्य, वर्ण, रूप शब्द, वाक्य आदि) मा निर्भर रहन्छन् (अधिकारी, २०६७ : २५२)। लेख्य सङ्कथन भाषिक दृष्टिले खँदिलो हुन्छ। यसमा स्तरीय र विशिष्ट शब्द संरचनाको प्रयोग भएको हुन्छ। यो साक्षर र शिक्षितका लागि बढी केन्द्रित हुन्छ। लेख्य सङ्कथनमा पाठक र लेखक आमनेसामने हुँदैनन्, केही गल्ती भएमा तुरुन्त सच्याउन सकिँदैन र लेखकले पाठकलाई स्पष्टीकरण दिने मौका पनि प्राप्त गर्न सकिँदैन। लेख्य सङ्कथन कथ्य सङ्कथनभन्दा बढी विशिष्ट औपचारिक र जटिल हुन्छ। यसमा लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य, सिर्जनात्मकताजस्ता कुराहरू टड्कारो रूपमा रहन्छन्। (पौडेल, २०७८, पृ. १४)

प्रस्तुत सङ्कथनात्मक अनुच्छेदमा पहिलो वाक्य शीर्ष वाक्यका रूपमा आएको छ। दोस्रो, तेस्रो .... वाक्य शीर्ष वाक्यको विचारलाई पुष्टि गर्न आएका छन्। यसै गरी अन्तिम वाक्यले निष्कर्षात्मक विचार बोकेको छ। यस अनुच्छेदले लेख्य सङ्कथनको विचार वा भाव अभिव्यक्त गरेको छ। अनुच्छेदमा उद्धरण, प्रमाण, साक्ष्य, उदाहरण (बन्धु, २०७०, पृ. ८१) पनि आएर अनुच्छेदलाई सबल बनाएका छन्। यसो हुँदा हुँदै पनि अनुच्छेदमा चित्र, नक्सा, तालिका आउन सकेका छैनन्।

अनुच्छेद पूर्वापर सम्बन्धमा आधारित देखिन्छ । यसमा, यसले, यो जस्ता तार्किक योजकको प्रयोग र वाक्यहरूबिच सम्बन्ध पाइन्छ ।

यसैगरी पौडेल (२०७८) को शोधपत्रमा प्रयुक्त अनुच्छेदको अर्को उदाहरण हेरौँ :

> पाठ विश्लेषणका क्रममा ठूलो भाषिक संरचनाबाट क्रमशः साना भाषिक संरचनातर्फ केन्द्रित रहने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यस पद्धतिअनुसार सङ्कथनको विश्लेषण गर्दा भाषाको प्रयोग क्षेत्र समाज हुँदै भाषाको सानो रूप अक्षर वा ध्वनिसम्म आउनुपर्ने हुन्छ (शर्मा र अर्याल २०६९ : २१) । यसलाई माथिबाट तलतिरको क्रममा निम्नानुसार चित्रद्वारा प्रष्ट पार्न सकिन्छ ।
>
> **चित्र नं. ५**
>
> पाठ
>
> परिच्छेद
>
> अनुच्छेद
>
> वाक्य
>
> उपवाक्य (पौडेल, २०७८, पृ. १७)

प्रस्तुत अनुच्छेदले सङ्कथन विश्लेषणको अधोगमन पद्धतिजन्य विषयलाई अभिव्यक्त गरेको छ । यसमा पहिलो वाक्य शीर्ष वाक्यका रूपमा आएको छ । यसै गरी दोस्रो वाक्य उद्धरण भएर आएको छ भने शीर्ष वाक्यको विचारलाई समर्थन गर्ने वाक्य र निष्कर्ष वाक्य स्पष्ट भएर आउन सकेका छैनन् । चित्र र सन्दर्भका बिच पनि सम्बन्ध देखिँदैन । चित्रको स्पष्ट व्याख्या हुन सकेको छैन । तार्किक योजक पदको प्रयोग (घिमिरे, २०७९, पृ. ८१) का रूपमा यस, यसलाई आए पनि स्वाभाविक भएर आउन सकेको देखिँदैन । अतः अनुच्छेदविन्यास योजनामा शोधार्थी र निर्देशक दुबैको ध्यान र लगाव बढाउनु पर्ने देखिन्छ ।

***कक्षा चारको मेरो नेपाली (२०६६) र नेपाली (२०७९) पाठ्यपुस्तकको तुलना***

अधिकारी (२०८०) द्वारा तयार गरिएको उक्त शोधपत्रमा साधारण विद्यालयतर्फ कक्षा चारमा पठनपाठन गरिने 'मेरो नेपाली' (२०६६) र 'नेपाली' (२०७९) पाठ्यपुस्तकको तुलना गरिएको छ । उक्त शोधपत्रमा प्रयुक्त अनुच्छेद लेखनको नमुना (पृ. २०) यस प्रकार छ :

> भाषा पाठ्यपुस्तकको आन्तरिक पक्षअन्तर्गत शब्दभण्डार पनि अर्को महत्वपूर्ण विशेषता हो । भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको प्रयोग विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकता अनुरूप हुनुपर्छ । प्रत्येक पाठमा २० प्रतिशत नवीन र ८० प्रतिशत पूराना शब्द हुनु पर्दछ । सुरु सुरुमा आधारभूत शब्द र क्रमशः नजानिदो ढङ्गले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक, पर्यायार्थक, अनेकार्थक, एकल, सङ्क्षिप्त आदि शब्द आवश्यकताबमोजिम प्रवेश गराउँदै जानुपर्छ । (पौडेल, २०६९, पृ.२७१)

प्रस्तुत अनुच्छेदमा सुरुको वाक्य शीर्ष भएर आएको छ । यस पछिका दोस्रो, तेस्रो वाक्यले पहिलो वाक्यको आशयलाई स्पष्ट पार्न आएका छन् । अनुच्छेदले भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताअन्तर्गत शब्दभण्डारका विशेषताको आशय व्यक्त गरेको छ । यसो भए तापनि अनुच्छेदको शीर्ष वाक्य स्पष्ट हुन सकेको छैन । यसै गरी निष्कर्ष वाक्य पनि उद्धरणका रूपमा आएको छ । यसलाई प्राज्ञिक लेखनका दृष्टिले राम्रो मानिँदैन । अनुच्छेदमा वाक्यहरूबिच संसक्ति र संयुक्तिको

पनि समस्या देखिन्छ । अनुच्छेदमा आदि, मध्य र अन्त्यको शृङ्खला (लेरिया र चमकर, सन् १९९८, पृ. ५८) मिल्न सकेको देखिँदैन । यसतर्फ शोधार्थीको सफलता आवश्यक हुन्छ ।

### *कार्यमूलक व्याकरण शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षकहरूको धारणा*

तामाङ (२०८१) द्वारा तयार गरिएको उक्त शोधपत्रमा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरूले अपनाउने कार्यमूलक व्याकरण शिक्षणका तरिकाको खोजी गरिएको छ । सो शोधपत्रमा प्रयुक्त अनुच्छेदविन्यास योजनाको एक नमुना यस प्रकार छ :

> कार्यमूलक व्याकरण प्रयोगपरक हुन्छ । व्याकरणका नियम, सिद्धान्तलाई छुट्टै रूपमा शिक्षण नगरी भाषिक सिप  शिक्षण सँगसँगै व्याकरणको प्रयोग गर्दै जाने मान्यता कार्यमूलक व्याकरणले राख्दछ । भाषिक कार्यजस्तै छलफल, प्रश्नोत्तर, संवाद, अन्तरक्रिया साथै अभ्यास गर्नु कार्यमूलक व्याकरणअन्तर्गत पर्दछन् । पाठ्यविषयबाटै व्याकरणलाई अभ्यास गराउने नयाँ परम्परा नै कार्यमूलक व्याकरण हो । नेपाली भाषामा व्याकरण शिक्षण गर्दा भाषाका सिपको विकास सँगसँगै व्याकरणलाई प्रयोग गर्दै जाने अभिप्राय कार्यमूलक व्याकरणले राखेको हुन्छ (भट्टराई र अन्य, २०७४, पृ. ४२-४५) । यसर्थ बालबालिकालाई विभिन्न विधागत पाठहरूको भाषिक प्रकृति र प्रवृत्तिलाई आधार बनाई तिनैको प्रत्यक्ष अनुभव गराएर व्याकरणात्मक तत्व र पक्षहरू चिनाउने, प्रयोग गर्ने, रूपान्तरण गर्नेजस्ता अभ्यासमा सरिक गराएर सरल र व्यावहारिक ढङ्गले व्याकरण सिकाउँदै जानुपर्छ भन्ने मान्यता कार्यमूलक व्याकरणमा पाइन्छ । (तामाङ, २०८१, पृ. २)

दिइएको अनुच्छेदमा कार्यमूलक व्याकरण शिक्षणको परिचय दिइएको छ । अनुच्छेदको पहिलो वाक्यले शीर्ष वाक्यको आशय व्यक्त गरेको छ । यसै गरी दोस्रो, तेस्रो वाक्यले शीर्ष वाक्यको अर्थलाई स्पष्ट बनाएका छन् । अन्तिममा निष्कर्ष वाक्य आएको छ । यसरी अनुच्छेद निर्माणमा तीन खण्डको भूमिका देखिएको छ । आशय वा विचारलाई व्यक्त गर्न उद्धरण पनि ल्याइएको छ । तर्क, वितर्क र परिभाषा तथा व्याख्या गरिएको छ । अनुच्छेद कार्यकारण सम्बन्धमा आधारित (बन्धु, २०७०, पृ. ८१) देखिन्छ । यसो भए तापनि अनुच्छेदमा पुनरावृत्ति दोष देखिन्छ । निष्कर्ष वाक्य ज्यादै लामो र अस्पष्ट बनेको छ । अनुच्छेदमा चित्र, तालिका, समानता, भिन्नताजस्ता पक्ष आएका छैनन् । वाक्यहरू बिच सङ्गति कायम गर्ने तार्किक योजकहरूको प्रयोग (लेरिया र चमकर, सन् १९९८, पृ. ३९) हुन सकेको छैन । यसो भए तापनि अनुच्छेदले पाठकलाई निश्चित विचार प्रवाह गर्न सक्षम भएको छ । संरचनात्मक दृष्टिले अनुच्छेद फितलो देखिन्छ ।

## निष्कर्ष

अनुच्छेद लेखन लेखाइलाई स्तरीय, मौलिक र सघन बनाउने माध्यम हो । यसबाट तर्कशक्तिको विकासका साथै ज्ञान निर्माणमा पनि महत्त्वपूर्ण सहयोग पुग्दछ । सङ्क्षिप्त, स्पष्ट र शृङ्खलित लेखनमा सहयोग पुऱ्याउने पक्ष अनुच्छेदविन्यास योजना भएकाले प्राज्ञिक लेखनमा अनुच्छेद लेखनलाई आधार स्रोत मानिएको छ । यस सन्दर्भमा स्नातकोत्तर तह नेपाली शिक्षा विषयका शोधपत्रमा प्रयुक्त अनुच्छेदविन्यास योजनाको अध्ययन गर्दा धेरै विषय मननीय देखिन्छन् । शोधार्थीले आफ्ना शोधपत्रमा अनुच्छेदविन्यास त गरेका छन् तर यस कार्यमा पूर्णतः सफलता प्राप्त भएको देखिँदैन । अनुच्छेदमा रहनु पर्ने खण्ड वा भाग, तिनको यथोचित विन्यास र वाक्यहरू बिचको कार्यकारण सम्बन्धमा धेरै सुधार गर्नुपर्ने देखिन्छ । अझ चित्र, तालिका र उद्धरणको प्रयोग गर्दा अनुच्छेदविन्यास सुगठित बन्न सकेको देखिँदैन । अनुच्छेदका धेरै ठाउँमा संसक्ति र संयुक्तिको उचित संयोजन हुन सकेको पाइँदैन । अनुच्छेदले स्पष्टसँग विचार वा सन्देश पाठकसमक्ष पुऱ्याउनमा धेरै ठाउँमा अलमल देखिन्छ । यस तथ्यलाई मनन गरी शोधार्थीले आफ्ना शोधपत्रमा

अनुच्छेदविन्यासलाई उचित किसिमले उपयोग गर्न जरुरी हुन्छ । यसमा सम्बन्धित सुपरिवेक्षक, संस्था र सरोकारवालाको पनि ध्यान केन्द्रित हुन आवश्यक छ । अनुच्छेदविन्यासको सही उपयोगबाट समग्र शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन सकिन्छ ।

**स्वार्थको द्वन्द्व**

*यो लेखकसँग कुनै प्रकारको स्वार्थको द्वन्द्व छैन ।*

**कृतज्ञता ज्ञापन**

*प्रस्तुत लेख अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस पोखराद्वारा सन् २०२४ मा प्रदान गरिएको अनुसन्धान अनुदान प्राप्त गरी सम्पन्न गरिएको अनुसन्धान प्रतिवेदनको आधारमा तयार पारिएको हो । संलग्न पदाधिकारी तथा सदस्यज्यूहरूप्रति आभारी छु । साथै लेख पढी उपयुक्त सुझाव दिएर यसलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने विषय विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।*

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, पवित्रा, (२०८०), *कक्षा पाँचको पुरानो (२०७८) र वर्तमान (२०७९) नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

अधिकारी, सोभिता, (२०७२), *पोखरा महानगरपालिकाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

अमेरिकन साइकोलोसिकल एसोसिएसन, (सन् २०२०), *पब्लिकेसन म्यानुएल अफ एपिए* (सातौँ संस्क.), अथर ।

अर्याल, डिल्लीराम, (२०७२), *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

घर्ती, दुर्गाबहादुर, (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

घिमिरे, दिनेश, (२०७९), *प्राज्ञिक लेखन : प्रक्रिया र प्रयोग,* इन्टिलेक्चुएल्स बुक प्यालेस ।

ढकाल, रेशम, (२०७१), *पोखरा नगर क्षेत्रभित्र राखिएका साइनबोर्डहरूमा पाइने वर्णविन्यासगत त्रुटि,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

तामाङ, शर्मिला, (२०८१), *कार्यमूलक व्याकरण शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षकहरूको दृष्टिकोण,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

पौडेल, देवी, (२०७८), *हामी वसन्त खोजिरहेछौँ नाटकको सङ्कथन विश्लेषण,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

बन्धु, चूडामणि, (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, धनप्रसाद, (२०७४), *यात्रा अङ्क छमा समाविष्ट भाषाशिक्षण र अनुसन्धानसँग सम्बन्धित लेखहरूको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, विष्णुप्रसाद, (२०८१), *नेपाली शिक्षामा स्नातकोत्तर उत्तीर्ण शोधार्थीहरूको प्राज्ञिक लेखन सिप,* [अप्रकाशित अनुसन्धान परियोजना प्रतिवेदन], अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, पृथ्वीनारायण क्याम्पस, ।

शाही, हर्कबहादुर, (सन् २०२२), स्नातकोत्तर नेपाली शिक्षा शोधपत्रमा समाविष्ट सन्दर्भ सामग्री सूचीमा रहेका त्रुटि, *एएम्सी मल्टिडिसिपिलिनरी रिसर्च जर्नल,* ३(१) ५३-५९ ।

श्रेष्ठ, दयाराम, (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* शिखा बुक्स ।

Anker, S. (2010). *Real Writing with reading paragraphs and essays for college work and every day life*. (5th ed.). St. Martines.

Balley, S. (2011). *Academic writing: A handbook for international students*. Routledge.

Dorothy, Z. E. and Lisha, R. A. (2017). *Academic writing from paragraph to essay*. Macmillan.

Lyeria, K. D. and Schumaker, J. B. (1998). *The paragraph writing strategy*. Lawrence.

Yarber, M. L. and Yarber, R. E. (2010). *Reviewing basic grammar*: *A guide to writing sentences and paragraphs* (8th ed.). PEARSON.